## परिच्छेद-२

## उपभोक्ता हित संरक्षण तथा मूल्याङक्न समिति

**३. उपभोक्ता हित संरक्षण तथा मूल्याङ्कन समिति :**

उपभोक्ताको हित संरक्षण तथा मूल्याङ्कन सम्बन्धी विषयमा आवश्यक नीतिगत व्यवस्था गर्न तथा बजार अनुगमन कार्यलाई मार्गदर्शन एवं समन्वयको लागि गाउँपालिकाले उपभोक्ता हित संरक्षण तथा मूल्याङ्कन समितिको गठन गर्नेछ ।

**४. उपभोक्ता हित संरक्षण तथा मूल्याङ्कन समिति :**

(अ) उपभोक्ता हित संरक्षण तथा मूल्याङ्कन समितिको गठन देहाय अनुसार हुनेछ :

(क) कालिञ्चोक गाउँपालिकाको अध्यक्ष - संयोजक

(ख) कालिञ्चोक गाउँपालिकाको प्रत्येक वडा अध्यक्ष - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य सचिव

(आ) उपभोक्ता हित संरक्षण तथा मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार तोकेबमोजिम हुनेछ ।

## परिच्छेद- ३

## उपभोक्ता हित संरक्षण समिति

**५. उपभोक्ता हित संरक्षण समिति :**

उपभोक्ताको हित संरक्षण सम्बन्धी विषयमा आवश्यक नीतिगत व्यवस्था गर्न तथा बजार अनुगमन कार्यलाई मार्गदर्शन एवं समन्वयको लागि गाउँपालिकाले उपभोक्ता हित संरक्षण समितिको गठन गर्नेछ ।

**६. उपभोक्ता हित संरक्षण समितिको गठन देहाय अनुसार हुनेछ :**

(क) कालिञ्चोक गाउँपालिकाको उपाध्यक्ष - संयोजक

